प्रति साधारण शेयर रु.१००/- अंकित
दरको ९१,९७,७१२ कित्ता
हकप्रद साधारण शेयरको निष्काशन

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने
रु.१००/- प्रति शेयरको दरले

TOURISM DEVELOPMENT BANK Ltd.
टुरिजम् डेभलपमेन्ट बैंक लि.

नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत पत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था

नयाँबानेश्वर, काठमाण्डौ, फोन नं. ४७०१३५७, ४७०१३५८, फ्याक्स नं. ४७०१३६२
इमेलः info@tdbl.com.np, वेवसाइटः www.:www.tdbl.com.np
(टुरिजम् डेभलपमेन्ट बैंक लि. ले साविकका मातृभूमि विकास बैंक लि. र कालिञ्चोक डेभलपमेन्ट बैंक लि. लाई प्राप्ती गरेको)

हकप्रद शेयरको बिक्री खुल्ला अवधिः
निष्काशन खुल्ला मितिः २०७३/१२/१३ गते
निष्काशन बन्द हुने मितिः २०७४/१/१७ गते
(बैंकिंग समय पश्चात्)

१ कित्ता साधारण शेयर बराबर नयाँ १ कित्ता साधारण शेयरको

हकप्रद शेयर निष्काशन (Rights Issue) सम्बन्धी सूचना

डेभलपमेन्ट बैंकको हाल कायम चुक्ता पूँजी रु.९१,९७,७१,२००/- को एक शेयर बराबर नयाँ एक शेयर (१ : १) को अनुपातमा रु.१००/- अंकित दरका ९१,९७,७१२ कित्ता हकप्रद साधारण शेयर मिति २०७३/१०/६ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लि. मा कारोबार भई कायम साविक शेयरधनीहरुको लागि निष्काशन गर्नको लागि प्रकाशित गरिएको ।

हकप्रद शेयर निष्काशन सम्बन्धमा सामान्य जानकारी

१. संगठित संस्थाको नाम : टुरिजम् डेभलपमेन्ट बैंक लिमिटेड (Tourism Development Bank Limited)

२. संगठित संस्थाको रजिष्टर्ड कार्यालय :

यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बाग्मती अञ्चल, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १० मा रहेको छ ।

३. कारोवार स्थान :

यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं.१०, नयाँबानेश्वरमा रहेको छ । यसको अलावा बैंकले ठमेल, मलेखु, भोजपुर, ओखल्ढुङ्गा, बैतडी, पोखरा, नारायणघाट, विराटनगर, न्यूरोड, कुमारीपाटी, जोमसोम, धनगढी, गंगबु, विरगंज, कालीकोट, कोहलपुर, बुटवल, रजहर, हेटौडा, ईटहरी, कलंकी, चरिकोट, मैनापोखरी, खुर्कोट, मंथली, बाघखोर, सिन्धुली, भिमान आदी स्थानहरुबाट आफ्नो शाखा कार्यालयहरु स्थापना गरी वित्तीय कारोवारहरु गर्दै आइरहेको छ । साथै नेपाल राष्ट्र बैंकको स्वीकृति लिई शाखा, उपशाखा वा अन्य कार्यालय खोली वित्तीय कारोवार गर्न सक्नेछ ।

४. संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :

स-साना पूँजीलाई एकत्रित गरी अर्थतन्त्रको एउटा विशिष्ट क्षेत्र पहिचान गरेर सो क्षेत्रको विकास तथा विस्तारमा विशेष योगदान पुऱ्याउने अभिप्रायका साथ एउटा राष्ट्रिय स्तरको विकास बैंक स्थापना गर्ने क्रममा पर्यटन क्षेत्रलाई त्यस्तो विशिष्ट क्षेत्रको रुपमा पहिचान गरी ६३ जिल्लाका ५६९ संस्थापक शेयरधनीहरुको सामूहिक प्रयासबाट प्रवर्द्धन गरिएको यस टुरिजम् डेभलपमेन्ट बैंक लिमिटेडको विधिवत रुपमा कम्पनी ऐन, २०६३ बमोजिम २०६६ साल कार्तिक ११ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई स्थापना भएको हो । यस डेभलपमेन्ट बैंकले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल राष्ट्र बैंकबाट राष्ट्रिय स्तरको "ख" वर्गको वित्तीय संस्थाको रुपमा २०६६ साल फाल्गुन १७ गते वित्तीय कारोवार गर्ने इजाजतपत्र प्राप्त गरी विक्रम सम्वत् २०६६ साल चैत्र ५ गतेदेखि आफ्नो व्यवसायिक कारोवार सञ्चालन गरिरहेको छ । काठमाण्डौको बानेश्वरमा केन्द्रीय कार्यालय रहेको यस डेभलपमेन्ट बैंकको ठमेल, मलेखु, भोजपुर, ओखल्ढुङ्गा, बैतडी, पोखरा, नारायणघाट, विराटनगर, न्यूरोड, कुमारीपाटी, जोमसोम, धनगढी, गंगबु, विरगंज, कालीकोट, कोहलपुर, बुटवल, रजहर, हेटौडा, ईटहरी, कलंकी, चरिकोट, मैनापोखरी, खुर्कोट, मंथली, बाघखोर, सिन्धुली, भिमान गरी हाल २९ वटा शाखा संचालनमा रहेका छन् ।

यस डेभलपमेन्ट बैंकका संस्थापकहरुमा पर्यटन व्यवसायी, उद्योगी, प्राध्यापक, डाक्टर, इन्जिनियर, अधिवक्ता, सहकारी क्षेत्रका अग्रज र अन्य पेशा उद्योग, ब्यवसाय तथा वित्तीय क्षेत्रमा लामो समयदेखि दखल भएका प्रतिष्ठित व्यक्तिहरु रहेका छन् । कूल संस्थापकहरूमध्ये करिव ३४% संस्थापकले स्नातक वा सोभन्दा माथिल्लो तहको शैक्षिक योग्यता हासिल गरेका छन् जसमध्ये ५ जनाले विद्यावारिधि उपाधि हासिल गरेका छन् । राष्ट्रिय अर्थतन्त्रको उदयीमान क्षेत्रहरुमा बैंकिङ्ग गतिविधि प्रवेश गराउदै मुलुकको भविष्यको एक महत्वपूर्ण हिस्सा बन्ने दूरदृष्टि (Vision) र मौलिक तथा विस्तृत बैंकिङ्ग उत्पादनहरु प्रयोगमा ल्याउदै उत्कृष्ट विकास बैंकको रुपमा परिचित गराउने प्रमुख लक्ष्य (Mission) रहेको यस विकास बैंकको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :

(१) डेभलपमेन्ट बैंकका निक्षेपकर्ताको हक हितको संरक्षण र संवर्धन गर्दै स्वस्थ प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,
(२) पर्यटन, कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यावसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, बिस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशीलता ल्याउन सहयोग पुऱ्याउने,
(३) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमुलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रवर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने,
(४) वित्तीय सेवामा जोखिम कम गर्दै वित्तीय क्षेत्रको उदारीकरणमा मद्धत पुऱ्याउने र देशको अर्थतन्त्रलाई सबल तथा सुदृढ बनाउन सहयोग पुऱ्याउने र
(५) देशको समग्र वित्तीय प्रणालीप्रति सर्वसाधारणको विश्वसनीयता अभिबृद्धि गर्न सहयोग पुऱ्याउने ।

५. शेयर पूँजीको संरचना :

(क) अधिकृत पूँजी : यस डेभलपमेन्ट बैंकको अधिकृत पूँजी रु.३,००,००,००,०००/- (अक्षेरपी तीन अरब) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा ३,००,००,००० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

(ख) जारी पूँजी : यस डेभलपमेन्ट बैंकको जारी पूँजी रु.१,८३,९५,४२,४००/- (अक्षेरपी एक अरब त्रियासी करोड पन्चान्नब्बे लाख बयालीस हजार चार सय मात्र) रहेको छ, जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा १,८३,९५,४२४ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

(ग) चुक्ता पूँजी : यस डेभलपमेन्ट बैंकको चुक्ता पूँजी रु.९१,९७,७१,२००/- (अक्षेरपी एकान्नब्बे करोड सन्तान्नब्बे लाख एकहत्तर हजार दुई सय) रहेको छ, जसलाई प्रति शेयर रु.१००/- अंकित मूल्यका ९१,९७,७१२ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । यस विवरण-पत्र मार्फत हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात् वित्तीय संस्थाको चुक्ता पूँजी रु. १,८३,९५,४२,४००/- (अक्षेरपी एक अरब त्रियासी करोड पन्चान्नब्बे लाख बयालीस हजार चार सय मात्र) हुनेछ ।

६. हकप्रद शेयर निष्काशन गरि बाँडफाँट गरे पश्चात् हुने डेभलपमेन्ट बैंकको चुक्ता पूँजीको संरचना :

हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात हुने डेभलपमेन्ट बैंकको चुक्ता पूँजीको स्थिति :

समूह	शेयरधनीहरु	शेयर कित्ता	पूँजी संरचना	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
(क)	संस्थापक	९५,२५,०३७.६०	५१.७८%	९५,२५,०३,७६०/-	शतप्रतिशत
(ख)	सर्वसाधारण (कर्मचारीहरु समेत)	८८,७०,३८६.४०	४८.२२%	८८,७०,३८,६४०/-	शतप्रतिशत
	जम्मा	१,८३,९५,४२४.००	१००%	१,८३,९५,४२,४०० /-	

७. सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :

यस डेभलपमेन्ट बैंकका संचालक समितिमा हाल देहाय बमोजिमका संचालकहरुले प्रतिनिधित्व गर्नु भएको छ :

सि.नं	नाम	पद	उमेर	राष्ट्रियता	ठेगाना	शेयर स्वामित्व	शैक्षिक योग्यता	अनुभव
१.	प्रा.डा. पुष्प राज कंडेल	अध्यक्ष (संस्थापक)	६१	नेपाली	वेनीघाट-१, धादिङ्ग	१०,०३४	पि.एच.डि. (व्यवस्थापन)	- प्राध्यापक त्रि.वि.वि. । - नेपाल बैंक लि.मा २ वर्ष संचालक । - राष्ट्रिय वाणिज्य बैंकमा १ वर्ष संचालक ।
२.	श्री विश्वम्भर कृष्ण पराजुली	संचालक (संस्थापक)	५३	नेपाली	का.म.न.पा.-३५, काठमाण्डौ	५,०१७	एल.एल.एम.	- करीब ३१ वर्ष देखिको वकालत पेशाको अनुभव । - करीब २५ वर्ष देखि अधिवक्ताको रुपमा कार्यरत । - संचालक समिति सदस्य कोटेश्वर बहुमुखी क्याम्पस ।
३.	श्री भिम प्रसाद पन्त	संचालक (संस्थापक)	४३	नेपाली	गजुरी-४, धादिङ्ग	१०,०३४	बि.ए.	- विगत २७ वर्ष देखि पर्यटन व्यवसायी रहिआएको । - नाटाको पूर्व कार्यकारी सदस्य तथा नाटाको हालको महासचिव ।
४.	श्री श्याम राज थपलिया	संचालक (संस्थापक)	५०	नेपाली	का.म.न.पा.-१७ ठमेल, काठमाण्डौ	२५,०८४	बि.ए.	- सन् १९९९ देखि ओशो वर्ल्ड ट्राभल प्रा.लि.का प्रबन्धक संचालक । - सन् १९९६ देखि १९९९ सम्म मेट्रो इन्टरनेसनल ट्राभल प्रा.लि.मा प्रबन्धक संचालक । - ओशो होलिडे इन प्रा.लि. मा हाल प्रबन्धक संचालक ।
५.	श्री दिपक महत	संचालक (संस्थापक)	५४	नेपाली	कविलास-५, नुवाकोट	५,०१७	बि.एड.	- सन् १९९९ देखि NATHM मा स्रोतदाता । - सन् १९९९ देखि २००४ सम्म Trinity in Kathmandu Program का सहायक प्रबन्धक ।
६.	श्री मुक्तिराम पाण्डे	संचालक (सर्वसाधारण)	५३	नेपाली	भगवती-४, अर्घाखाँची	६,२१८	बि.ए.	- मेगा बैंकका पूर्व संचालक २०६४/०८/२९ देखी २०६८/०९/२८ सम्म । - नेपाल टुरिजम् बोर्डको पूर्व संस्थापक । - एनएसीको संचालक । - सम्राट टुर एण्ड ट्राभल्स, ल्याडमार्क होटेल पोखरा तथा ल्याडमार्क होटेल चितवनको अध्यक्ष ।
७.	श्री मुकुल मणि दाहाल	संचालक (सर्वसाधारण)	५४	नेपाली	मध्यपुर थिमि-१५, भक्तपुर	५,७६६	बि.कम.	- बिगत ३० बर्ष देखी उत्पादनमूलक संस्थामा संलग्नता ।
८.	श्री ठाकुर प्रसाद भट्टराई	संचालक (सर्वसाधारण)	५२	नेपाली	बालकोट-३, भक्तपुर	५,६५४	एम.ए. (अर्थशास्त्र)	- २० बर्ष भन्दा बढी पोल्ट्री एवम् कृषी व्यवसायमा संलग्नता । - विगत १२ बर्ष देखी Real State Business मा संलग्नता ।

नोटः हाल डेभलपमेन्ट बैंकको संचालकहरु संस्थापक तर्फ ५ जना, सर्वसाधारण तर्फ ३ जना गरी जम्मा ८ जना रहेकोमा आगामी साधारण सभाबाट नियमावलीमा भएको प्रावधान बमोजिम गरिनेछ ।

डेभलपमेन्ट बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम, ठेगाना तथा अनुभव सम्बन्धी विवरण : यस वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृत बैंक तथा वित्तीय संस्थाहरु नेपाल बैंक लि. मा करिव ७ बर्ष, साविक कमर्ज एण्ड ट्रष्ट बैंक लि. मा करिव ३ बर्ष, सिद्धार्थ डेभलपमेन्ट बैंक लि. मा करिव १ बर्ष ६ महिना र यस बैंकमा मिति २०७१/७/१ देखि कार्यरत टोखा न.पा. वडा नं.७ धापासी, काठमाण्डौ निवासी श्री महेश शर्मा ढकाल हुनुहुन्छ । निजले चार्टर्ड एकाउन्टेन्ट्स गर्नुका साथै एम्.ए. (अर्थशास्त्र) मा स्नातकोत्तर उपाधि हासिल गर्नु भएको छ ।

८. संचालक समितिको बनौट :

डेभलपमेन्ट बैंकको नियमावलीमा भएको व्यवस्था अनुसार ९ (नौ) जना संचालकहरु रहेको संचालक समिति देहाय बमोजिम गठन हुनेछ :

"क" समूहका संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित संचालकहरु	४ जना
"ख" समूहका सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित संचालकहरु	४ जना
नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञबाट मनोनित संचालक	१ जना
जम्मा	९ जना

९. निष्काशन गरिने हकप्रद शेयर संख्या र त्यसको अनुपात :

स्वीकृत विवरण मार्फत हाल कायम चुक्ता पूँजी रु.९१,९७,७१,२००/- को एक शेयर बराबर एक शेयर (१ : १) (अर्थात् विद्यमान १ कित्ता साधारण शेयर बराबर नयाँ १ कित्ता साधारण शेयर) को अनुपातमा साविकका शेयरधनीहरुको लागि रु.९१,९७,७१,२००/- बराबरको प्रति शेयर रु.१००/- अंकित दरका ९१,९७,७१२ कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिनेछ ।

१०. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि डेभलपमेन्ट बैंकले हकप्रद शेयर निष्काशन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको एक शेयर बराबर एक शेयर (१ : १) को अनुपातमा प्रति शेयर रु.१००/- का दरले हुन आउने एकमुष्ट रकम भुक्तानी गरी आवेदन दिन सक्नेछन् ।

११. लिनुपर्ने न्यूनतम शेयर संख्या तथा हकप्रद शेयरको अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था:

स्वीकृत हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने छैन । तर कुनै शेयरधनीले आफ्नो कायम हकको आधारमा हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा खण्डित शेयर (Fraction Share) मा शेयर संख्या पर्न आएमा नजिकको माथिल्लो शेयर कित्ताको लागि आवेदन दिन सक्नेछ । यसरी माथिल्लो शेयर कित्ताको लागि आवेदन दिने शेयरधनीहरुको हकमा यस हकप्रद शेयर निष्काशनको क्रममा बिक्री नभई बाँकी रहेको शेयरहरुबाट समायोजन गर्ने गरी बाँडफाँट गरिनेछ । यदि यस हकप्रद शेयरको लागि निष्काशन गरिएको सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त भएमा नेपाल धितोपत्र बोर्डको पूर्व स्वीकृती लिई वित्तीय संस्थाको संचालक समितिले माथिल्लो शेयर कित्ता माग गरी दरखास्त दिने शेयरधनीहरुलाई हकप्रद शेयर बाँडफाँट गरिनेछ । यस विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयरको लागि आफ्नो कायम हक भन्दा बढी हकप्रद शेयरको लागि दरखास्त दिन पाइने छैन । तर साविक शेयरधनीले आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछ र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ ।

१२. साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन निर्देशिका, २०६५" मा भएको ब्यवस्था अनुसार संचालक समितिले अत्यन्त पारदर्शी तरिका (जस्तैः शिलबन्दी बोलपत्रद्वारा लिलाम बढाबढ) बाट बिक्री गरिनेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गरिनेछ ।

१३. डेभलपमेन्ट बैंकको विगत तथा आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :

वासलात

(रु. हजारमा)

पूँजी तथा दायित्व	वास्तविक आ.ब. ०७०/०७१	वास्तविक आ.ब. ०७१/०७२	वास्तविक आ.ब. ०७२/०७३	ले.प. नभएको आ.ब. ०७३/०७४*	प्रक्षेपित आ.ब. ०७३/०७४	प्रक्षेपित आ.ब. ०७४/०७५	प्रक्षेपित आ.ब. ०७५/०७६
१. शेयर पूँजी	६७८,४००	७८६,९४४	९४२,७५९	१,०९०,८४९	२,५४५,३५७	२,५४५,३५७	२,५४५,३५७
२. जगेडा तथा कोषहरु	७०,१२०	९४,८६७	१२९,४८८	३१५,८२५	२०१,८५५	५८५,८९६	१,०४४,७११
३. ऋणपत्र तथा बण्ड	-	-	-	-	-	-	-
४. तिर्न बाँकी कर्जा सापट	२१०,०००	२५०,०००	२५०,०००	५९०,०००	३००,०००	३४५,०००	३७९,५००
५. निक्षेप दायित्व	४,५०३,६६०	६,१९२,६६३	८,२६६,०४१	१०,७४१,३८४	११,५०९,३८६	१४,८९१,०९१	१८,५६६,८४८
६. भुक्तानी दिनु पर्ने बिलहरु	४,५५१	१,८३२	३,२२८	५,७८३	३,८७४	४,६४९	५,५७८
७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश	५४,४००	५,७१३	-	-	-	-	-
८. आयकर दायित्व	-	-	३,६२१	११,५३७	-	-	-
९. अन्य दायित्व	३०,६२२	२४१,७२९	२८४,९०५	३०४,११०	३१३,३९५	३४४,७३५	३७९,२०९
कुल दायित्व	५,५५१,७५३	७,५७३,७४८	९,८८०,०४२	१३,०५९,४८८	१४,८७३,८६८	१८,७१६,७२८	२२,९२१,२०३

सम्पत्ति	वास्तविक आ.ब. ०७०/०७१	वास्तविक आ.ब. ०७१/०७२	वास्तविक आ.ब. ०७२/०७३	ले.प. नभएको आ.ब. ०७३/०७४*	प्रक्षेपित आ.ब. ०७३/०७४	प्रक्षेपित आ.ब. ०७४/०७५	प्रक्षेपित आ.ब. ०७५/०७६
१. नगद मौज्दात	२११,१६२	२९३,७२६	२२२,२३७	२६०,०७२	२६६,६८४	३२०,०२१	३८४,०२६
२. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	२०९,८५१	३३१,०८५	४०६,०२५	४०८,९०८	५०७,५३१	७३५,९२०	८०९,५१२
३. बैंक/वित्तीय संस्थामा रहेको मौज्दात	५१,७७२	६६,६१३	६८,०६३	-	८५,०७९	१२३,३६४	१४८,०३७
४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	१,२१५,१५५	१,४००,७२८	१,८३३,७७५	२,५४१,६८२	३,२१०,८३३	४,१४५,७१५	५,२९६,७११
५. लगानी	७२,२३९	३२,१७६	१००,०६२	१५७,२६२	१७८,३००	२३५,४५०	३११,५७५
६. कर्जा सापट तथा बिल खरिद	३,६८७,७८३	५,११२,४४९	६,८९१,२५३	९,२४१,७९७	१०,२०९,६७७	१२,७०९,९७४	१५,४९०,३६९
७. स्थिर सम्पत्ति	५९,३९९	६६,२०४	७०,०३०	७९,७६४	८४,०३६	१००,८४४	१२१,०१२
८. गैर बैंकिङ्ग सम्पत्ति	-	-	-	-	-	-	-
९. अन्य सम्पत्ति	४४,३९३	२७०,७६८	२८८,५९७	३७०,००३	३३१,७२८	३४५,४३९	३५९,९६१
कुल सम्पत्ति	५,५५१,७५३	७,५७३,७४९	९,८८०,०४२	१३,०५९,४८८	१४,८७३,८६८	१८,७१६,७२८	२२,९२१,२०३

नाफा-नोक्सान हिसाब

(रु. हजारमा)

विवरण	वास्तविक आ.ब. ०७०/०७१	वास्तविक आ.ब. ०७१/०७२	वास्तविक आ.ब. ०७२/०७३	ले.प. नभएको आ.ब. ०७३/०७४*	प्रक्षेपित आ.ब. ०७३/०७४	प्रक्षेपित आ.ब. ०७४/०७५	प्रक्षेपित आ.ब. ०७५/०७६
१. ब्याज आम्दानी	४८७,४९४	६०८,६५३	७१७,१९२	५०६,३५२	१,०३४,७४६	१,३४८,५९३	१,६१८,३१२
२. ब्याज खर्च	२५१,३८०	३०७,७१६	३५०,७७३	२३७,८७८	४९७,००५	५९५,९५६	७१४,११२
खुद ब्याज आम्दानी	२३६,११४	३००,९३७	३६६,४१९	२६८,४७४	५३७,७४१	७५२,६३७	९०४,१९९
३. कमिशन तथा डिस्काउण्ट	१२,३९५	१२,५६७	१९,८६८	१५,३२२	२१,८५४	३०,५९६	३८,२४५
४. अन्य संचालन आम्दानी	३६,९०९	४५,३००	५७,८१६	४६,४४४	८६,७२३	१२८,७२१	१५६,७९३
५. सटही घटबढ आम्दानी	२३,२२२	३४,४४६	४७,६०४	१७,६७८	५४,७४५	६२,९५६	६९,२५२
कुल संचालन आम्दानी	३०८,६४१	३९३,२४९	४९१,७०६	३४७,९१८	७०१,०६३	९७४,९१०	१,१६८,४८९
६. कर्मचारी खर्च	३९,८८६	५८,४९१	६८,१९७	५२,३६०	१३२,९८४	१६६,२३१	२०७,७८८
७. अन्य संचालन खर्च	६७,३०४	७९,६७६	९१,१८१	५७,८४४	१४२,६७७	१७१,२१३	२०५,४५५
८. सटही घटबढ नोक्सान	-	-	-	-	-	-	-
सम्भावित नोक्सनी ब्यबस्था अघिको संचालन मुनाफा	२०१,४५०	२५५,०८२	३३२,३२८	२३७,७१४	४२५,४०२	६३७,४६७	७५५,२४६
९. सम्भावित नोक्सानी	५७,७६९	७०,११६	८५,१९५	४९,५२०	८७,५१८	९६,२७०	१०५,८९७
संचालन मुनाफा/(नोक्सान)	१४३,६८१	१८४,९६६	२४७,१३२	१८८,१९४	३३७,८८३	५४१,१९७	६४९,३४९
१०. गैर संचालन आम्दानी/(नोक्सान)	८२	५५४	१४,२८७	(१९)	१५,७१५	३१,४३१	३७,७१७
११. सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता	३,५४६	३३,३७३	६४,९७५	४२,२३८	२७,६६९	३०,४३६	३३,४८०
नियमित कारोवारबाट भएको मुनाफा	१४७,३०९	२१८,८९४	३२६,३९५	२३०,४१२	३८१,२६८	६०३,०६४	७२०,५४५
१२. असामान्य कारोवारबाट भएको खर्च	-	-	२४,१४४	-	-	-	-
सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा	१४७,३०९	२१८,८९४	३०२,२५१	२३०,४१२	३८१,२६८	६०३,०६४	७२०,५४५
१३. कर्मचारी बोनस व्यवस्था	१३,३९२	१९,८९९	२७,४७७	२०,९४७	३४,६६१	५४,८२४	६५,५०४
१४. आयकर ब्यबस्था	४१,१३१	५९,९९१	८३,९२०	६३,०८५	१०३,०७३	१६४,१९९	१९६,२२६
- यस वर्षको	४१,८०३	५९,६१३	८६,५१९	६३,०८५	१०३,९८२	१६४,४७२	१९६,५१२
- गत वर्षको	४२८	-	-	-	-	-	-
पर सारिएको आयकर (आम्दानी)/खर्च	(१,०९९)	३७८	(२,६००)	-	(९१०)	(२७३)	(२८६)
खुद मुनाफा/(नोक्सान)	९२,७८६	१३९,००३	१९०,८५४	१४६,३८१	२४३,५३४	३८४,०४१	४५८,८१५

नेटवर्थ सम्बन्धी विवरण

(रु. हजारमा)

विवरण	वास्तविक आ.ब. ०७०/०७१	वास्तविक आ.ब. ०७१/०७२	वास्तविक आ.ब. ०७२/०७३	ले.प. नभएको आ.ब. ०७३/०७४*	प्रक्षेपित आ.ब. ०७३/०७४	प्रक्षेपित आ.ब. ०७४/०७५	प्रक्षेपित आ.ब. ०७५/०७६
शेयर पूँजी	६७८,४००	७८६,९४४	९४२,७५९	१,०९०,८४९	२,५४५,३५७	२,५४५,३५७	२,५४५,३५७
जगेडा तथा कोषहरु	७०,१२०	९४,८६७	१२९,४८८	३१५,८२५	२०१,८५५	५८५,८९६	१,०४४,७११
कुल	७४८,५२०	८८१,८११	१,०७२,२४७	१,४०६,६७४	२,७४७,२१३	३,१३१,२५३	३,५९०,०६९
घटाउनेः अपलेखन गर्न बाँकी खर्च (Fictitious Assets)	-	-	-	-	७,५००	५,०००	२,५००
कुल नेटवर्थ	७४८,५२०	८८१,८११	१,०७२,२४७	१,४०६,६७४	२,७५४,७१३	३,१३६,२५३	३,५९२,५६९
शेयर संख्या (हजारमा)	६,७८४	७,८६९	९,४२८	१०,९०८	२५,४५४	२५,४५४	२५,४५४
प्रति शेयर नेटवर्थ (रु.)	११०.३४	११२.०६	११३.७३	१२८.९६	१०८.२२	१२३.२१	१४१.१४
प्रति शेयर आम्दानी (रु.)	१४.५०	२०.४९	२४.२५	१३.४१	१०.३८	१५.०९	१८.०३
प्रति शेयर चुक्ता पूँजी	१००	१००	१००	१००	१००	१००	१००
नेटवर्थमा औसत प्रतिफल	१२.४०	१५.७६%	१७.८०%	९.२८%	८.८४%	१२.२५%	१२.७७%

* *व्यवस्थापनबाट प्रमाणित गरिएको ।*

माथि उल्लेखित आर्थिक तथा वित्तीय प्रक्षेपण र विश्लेषण विगत वर्षको कारोबारहरुको आधारमा निष्काशनकर्ता डेभलपमेन्ट बैंक आफैले तयार पारेको हो । उक्त प्रक्षेपित वित्तीय विवरणहरु यथार्थपरक भएको व्यहोरा प्रमाणित गर्ने विशेषज्ञमा चार्टर्ड एकाउण्टेण्ट संस्था एन लामिछाने एण्ड एशोसिएट्स, थापागाउँ, वानेश्वर, काठमाण्डौ रहेको छ ।

१४. संगठित संस्थाले गर्ने भएको काममा नीहित संभावित आर्थिक जोखिमहरु :

क) विद्यमान बैंक तथा वित्तीय संस्थाहरु र नयाँ बैंक/वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।
ख) वित्तीय संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम ।
ग) देशको वित्तीय नीति, मौद्रिक नीति र बैंक तथा वित्तीय संस्था सम्बन्धी नीतिमा नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकबाट हुने परिवर्तनबाट श्रृजित हुन सक्ने जोखिमहरु ।
घ) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
ङ) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।
छ) निक्षेप तथा कर्जाको ब्याजदरमा आउने परिवर्तन तथा यथा-समयमा कर्जा असुली नभई उत्पन्न हुनसक्ने आर्थिक जोखिमहरु ।
ज) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।
ञ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनैतिक परिस्थिति तथा आर्थिक मन्दीबाट पर्न सक्ने जोखिमहरु ।

यस डेभलपमेन्ट बैंकको सञ्चालनको इतिहास ७ (सात) वर्षको रहेकोछ । वित्तीय संस्थाको कर्जा तथा लगानी खराब भई हुन सक्ने जोखिमहरुको लागि कर्जा जोखिम कोष, लगानीमा सम्भावित हानी नोक्सानी वापतको व्यवस्था जस्ता कोषहरु रहेका छन् । यस डेभलपमेन्ट बैंकले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा आवश्यक ध्यान पुऱ्याएको छ । यस बाहेकका व्यवसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी-नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी-नोक्सानी हुन नदिन सक्षम तथा प्रतिबद्ध छ ।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम : रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोबार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

१५. हकप्रद साधारण शेयर खरिद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने केहि मुख्य कुराहरु :

१) हकप्रद शेयर खरिद गर्नका लागि हकप्रद शेयरको निष्काशन पूर्व वित्तीय संस्थाले सार्वजनिक सूचना मार्फत् जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले मात्र हकप्रद शेयर खरिद गर्न आवेदन दिन पाउने छन् ।
२) हकप्रद शेयर खरिद गर्नका लागि आवेदन दिंदा आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर, शेयरधनी नम्बर तथा आफूले लिन चाहेको हकप्रद शेयर संख्या समेत खोली वित्तीय संस्थाद्वारा तोकिएको ढाँचाको आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।
३) आवेदन फाराम अंग्रेजी तथा नेपाली दुवै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।
४) हकप्रद शेयरका लागि आवेदन दिंदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु.१००/- का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्रहरु वा निष्काशन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर साथै राखी आवेदन दिनु पर्नेछ ।
५) संयुक्त नाममा रहेका साविक शेयरधनीहरुले आवेदन दिंदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ ।
६) हकप्रद शेयर बाँडफाँट गर्दा जुन समूहको शेयरधनी हो, सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँट गरिनेछ ।
७) तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि आवेदन पेश नगर्ने तथा दरखास्त साथ शेयर बापतको रकम दाखिल नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै किसिमको दावी गर्न पाउने छैन ।
८) हकप्रद शेयर सम्बन्धी कुनै विवाद भएमा वा परेमा वित्तीय संस्थाको संचालक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।
९) यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर प्राप्त गर्ने डिम्याट खाता (DMAT Account/BOID No.) भएका आवेदकहरुलाई नीजहरुले चाहेको खण्डमा धितोपत्रको प्रमाणपत्र अभौतिक रुपमा समेत उपलब्ध गराउने ब्यबस्था गरिने हुँदा नीजहरुले शेयर खरिदका लागि आवेदन दिंदा आफ्नो डिम्याट खाता (DMAT Account/BOID No.) समेत आवेदन फाराममा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । साथै कुनै पनि शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा शेयर कायम रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा त्यस्ता शेयरधनीको शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएता पनि एउटै मात्र आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

१६. यस डेभलपमेन्ट बैंकको विगत तीन आर्थिक बर्ष तथा पछिल्लो तीन महिनामा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भएको शेयर कारोबारको विवरण :

आर्थिक बर्ष	अधिकतम शेयर मूल्य (रु.)	न्यूनतम शेयर मूल्य (रु.)	अन्तिम बजार मूल्य (रु.)	शेयर कारोबार संख्या
०७०/०७१	२४६	१५१	२४४	३,४६,१५७
०७१/०७२	२५०	२१६	२२२	६१,७३५
०७२/०७३	४३४	२९०	४१५	५,४४,८५०

महिना	अधिकतम शेयर मूल्य (रु.)	न्यूनतम शेयर मूल्य (रु.)	अन्तिम बजार मूल्य (रु.)	शेयर कारोबार संख्या
कार्तिक महिना	५०५	५००	५२२	५७,८८१
मंसिर महिना	५१५	४१५	४६८	६२,१८२
पौष महिना	४६६	४०५	४३०	४४,०८४

द्रष्टव्यः यस डेभलपमेन्ट बैंकको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्यसूचीबाट प्राप्त गर्न सकिनेछ ।

१७. शेयर बाँडफाँट सम्बन्धी ब्यवस्था :

स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर प्रचलित "धितोपत्र निष्काशन निर्देशिका, २०६५" ले निर्धारित गरेको समयभित्र डेभलपमेन्ट बैंकको संचालक समितिले हकप्रद शेयरको बाँडफाँट गरी हकप्रद शेयरको प्रमाणपत्र वितरण गर्न राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ ।

१८. शेयर सूचीकरण गराउने सम्बन्धी ब्यवस्था :

स्वीकृत विवरण अनुसार साविक शेयरधनीहरुलाई जारी गरिएका हकप्रद साधारण शेयरहरु बाँडफाँट गरे पश्चात् नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन निर्देशिका, २०६५" मा भएको ब्यवस्था अनुसार हकप्रद शेयरको प्रमाणपत्र वितरण गरी नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिंहदरवारप्लाजा, काठमाण्डौमा प्रचलित सूचिकरण सम्बन्धी ब्यवस्थामा भएको प्रावधान अनुसार सूचिकरण गरी हकप्रद शेयरको खरिद बिक्रीको व्यवस्था मिलाइनेछ । साथै नेपाल धितोपत्र बोर्डमा दर्ता भएको धितोपत्र सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा समेत दर्ता गरिनेछ ।

१९. आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु : हक हस्तान्तरण सम्बन्धी कुनै व्यवस्था नरहेको ।

२०. हकप्रद शेयर जारी गर्नुको उद्देश्य :

१) नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कायम हुनु पर्ने पूँजीकोषको अनुपात कायम गर्नको लागि हकप्रद शेयर निष्काशन गरी पूँजी संकलन गर्न ।
२) डेभलपमेन्ट बैंकको पूँजीगत योजना बमोजिमको पूँजी पुऱ्याउने उद्देश्य अनुरुप मिति २०७३/५/१५ गते सम्पन्न विशेष साधारण सभाबाट एक शेयर बराबर एक शेयर (१ : १) को अनुपातमा हकप्रद शेयर जारी गरी पूँजी वृद्धि गर्ने निर्णय गरेकोले सोही बमोजिम पूँजी संकलन गर्न ।
३) डेभलपमेन्ट बैंकले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न ।
४) डेभलपमेन्ट बैंकको प्रबन्धपत्रमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि डेभलपमेन्ट बैंकको शाखा विस्तार गरी कारोबार वृद्धि गर्न आवश्यक पूँजी जुटाउन ।
५) डेभलपमेन्ट बैंकको निक्षेपकर्ताहरुको हितको संरक्षणलाई सर्वोपरी राख्नको लागि वित्तीय संस्थाको पूँजी आधारलाई मजबुत तुल्याइ राख्न ।

२१. निष्काशनबाट प्राप्त कुल रकम सम्बन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण :

स्वीकृत "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरण अनुसार हकप्रद शेयर जारी गरी प्राप्त हुने पूँजी डेभलपमेन्ट बैंकबाट देहाय बमोजिम उपयोग गरिने योजना रहेको छ ।

विवरण	प्रयोग रकम (प्रतिशत)	प्रयोग रकम रु.	कैफियत
अनिवार्य नगद मौज्दात (CRR)	५%	४,५९,८८,५६०/-	आवश्यकतानुसार केही शिर्षकहरु स्थानान्तरण हुन सक्नेछ ।
SLR	४%	३,६७,९०,८४८/-	
तरलता (Liqudity)	१२%	११,०३,७२,५४४/-	
कर्जा लगानी	७९%	७२,६६,१९,२४८/-	
जम्मा	**१००%**	**९१,९७,७१,२००/-**	

२२. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी ब्यवस्था :

यस हकप्रद साधारण शेयर निष्काशनको लागि देहाय बमोजिमका बैंकहरुलाई निष्काशन बैंकको रुपमा नियुक्त गरिएको छ :

सि.नं.	निष्काशन बैंकको नाम, ठेगाना	खाता नं.
१.	श्री नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड, दरवारमार्ग, काठमाडौं	००१०१०१०३२३२२२
२.	श्री कुमारी बैंक लिमिटेड, पुतलीसडक, काठमाडौं	०१२४५२४६१५४२५०१७
३.	सानिमा बैंक लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौं	००१०००१०५३५०७

उपरोक्त निष्काशन बैंकमा दरखास्त फाराम वितरण गर्ने तथा बुझिलिने ब्यवस्था गरिएको छैन ।

२३. हकप्रद शेयर बिक्री खुल्ला अवधि :

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तिमा ३५ (पैंतिस) दिनका लागि खुल्ला राखिनेछ । सो समयावधि भित्र सम्पूर्ण हकप्रद शेयरको लागि आवेदन नपरेमा धितोपत्र निष्काशन निर्देशिका,२०७३ को नियम १८ को अधिनमा रही आवेदन खुल्ला भएको मितिले बढीमा १५ (पन्ध्र) दिन सम्मका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ ।

२४. हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :

१. श्री एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौ ।
२. टुरिजम् डेभलपमेन्ट बैंक लि.को केन्द्रीय कार्यालय बानेश्वर तथा शाखा कार्यालयहरु ठमेल, मलेखु, भोजपुर, ओखल्ढुङ्गा, बैतडी, पोखरा, नारायणघाट, विराटनगर, न्यूरोड, कुमारीपाटी, जोमसोम, धनगढी, गंगबु, विरगंज, कालीकोट, कोहलपुर, बुटवल, रजहर, हेटौडा, ईटहरी, कलंकी, चरिकोट, मैनापोखरी, खुर्कोट, मंथली, बाघखोर, सिन्धुली र भिमान ।

उपरोक्त स्थानहरुको अलावा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकद्वारा अन्य माध्यम मार्फत् सूचित गरिने संकलन केन्द्रको रुपमा कार्य गर्ने गरी नियुक्त संकलन केन्द्रहरुबाट आवेदन फाराम तथा "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यवस्था तथा विवरणहरु" प्राप्त गर्न र आवेदन फाराम साथ शेयर रकम जम्मा गर्ने व्यवस्था गरिनेछ । हकप्रद निष्काशनको क्रममा ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मितिसम्ममा एनआईबिएल क्यापिटल मार्केट्स लि.को नाममा खिचिएको एकाउण्टपेयी (A/c Payee) ड्राफ्टका साथ शेयरको दरखास्त फाराम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी एनआईबिएल क्यापिटल मार्केट्स लि., लाजिम्पाट, काठमाण्डौमा पठाएको निवेदनलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ । शेयर बिक्री बन्द भएको १५ (पन्ध्र) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारामलाई बाँडफाँटमा समावेश गरिने छैन ।

२५. संचालकहरुले हकप्रद शेयर वापतको रकम जम्मा गरेको सम्बन्धमा :

यस डेभलपमेन्ट बैंकको आधारभुत शेयरधनी तथा संचालकहरुले हकप्रद शेयर वापत बुझाउनु पर्ने रकम रु.४,१७,५७,४००/- शत् प्रतिशत भुक्तानी गरिएको व्यहोरा अवगत गराउंछौं ।

यस हकप्रद शेयर निष्काशन सम्बन्धमा कुनै लगानीकर्ताहरूको गुनासो सुन्न तथा त्यसको समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौंमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।



दरखास्त फारामको नमूना

TOURISM DEVELOPMENT BANK
नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत पत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था
नयाँबानेश्वर, काठमाण्डौ, फोन नं. ४७०१३५७, ४७०१३५८, फ्याक्स नं. ४७०१३६२
इमेलः info@tdbl.com.np, वेवसाइटः www.:www.tdbl.com.np
(टुरिजम् डेभलपमेन्ट बैंक लि. ले साविकका मातृभूमि विकास बैंक लि. र कालिञ्चोक डेभलपमेन्ट बैंक लि. लाई प्राप्ती गरेको)
को

सि.नं.

हकप्रद साधारण शेयर खरिद दरखास्त फाराम

मार्फतः NIBL CAPITAL एनआईबिएल क्यापिटल मार्केट्स लि. A Subsidiary of
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com
Website: www.niblcapital.com

कोड नं. ☐☐☐
शेयरधनी नं./परिचय नं. ☐

हितग्राही खाता नं.	DP ID	Client ID

श्री संचालक समिति,
टुरिजम् डेभलपमेन्ट बैंक लिमिटेड
नयाँबानेश्वर, काठमाडौं, नेपाल ।

महाशय,

त्यस डेभलपमेन्ट बैंकको ९१,९७,७१२ कित्ता बराबरको हकप्रद शेयर निष्कासन प्रयोजनका लागि प्रकाशित हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरुको शर्त अनुसार डेभलपमेन्ट बैंकले आफ्ना शेयरधनी दर्ता पुस्तिका बन्द गरेको मिति २०७३/१०/७ गते भन्दा अघिल्लो दिन सम्ममा मेरो/हाम्रो नाममा कायम .... कित्ता शेयरको १ : १ को अनुपात (अर्थात विद्यमान १ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयर) को दरले हुन आउने .... कित्ता हकप्रद शेयर खरिद गर्ने हक मेरो/हाम्रो ईच्छा भएकोले प्रति शेयर रु.१००/- का दरले हुन आउने जम्मा रकम रु. .... (अक्षेरपी..मात्र) को भौचर/ड्राफ्ट संलग्न गरी तल उल्लेखित विस्तृत विवरण सहित यो निवेदन पेश गरेको छु/छौं । डेभलपमेन्ट बैंकको नियमानुसार गर्न मेरो/हाम्रो मन्जुरी भएकोले उल्लेखित हकप्रद शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं ।

मिति २०७३/१०/६ गते सम्ममा कायम साविकको शेयर संख्या		लिन चाहेको शेयर संख्या	
भौतिक रुपमा कायम रहेको		कायम हक बमोजिम लिन चाहेको शेयर संख्या	
अभौतिक रुपमा कायम रहेको		जम्मा शेयर संख्या (अंकमा)	
जम्मा शेयर संख्या (अंकमा)		अक्षरमा	
अक्षरमा		दरखास्त बुझाएको मिति	२०७३/ /

प्यान नं. | प्रति शेयर रु.१००/- को दरले बुझाएको रकम जम्मा रु.
अक्षेरपी रुपैयाँ
चेक खिचिएको बैंक वा वित्तीय संस्थाको नाम र ठेगाना | चेक नं.
रकम बुझाएको संकलन केन्द्रको नाम र ठेगाना | भौचर/ड्राफ्ट नं.
निवेदकको पूरा नाम | नेपालीमा | श्री/श्रीमती/सुश्री/नाबालक
In English | Mr./Mrs./Miss/Minor | USE CAPITAL LETTER
स्थायी ठेगाना | वडा/घर नं./टोल | गा.वि.स./न.पा.
Address | Ward/House No./Tole | VDC/Municipality
जिल्ला | P.o Box No:/District | नागरिकता प्र.नं./जारी भएको जिल्ला
District | Mobile/phone No.
बाबुको नाम
Father's Name
बाजेको नाम
Grandfather's Name
पति/पत्नीको नाम
Husband/Wife's Name
संरक्षकको नाम (नाबालकको हकमा)
Guardian's Name (Incase of minor)

मैले/हामीले यस हकप्रद शेयरको लागि गरेको लगानीको स्रोत बैधानिक हो । नियमन निकायबाट माग भई आएको खण्डमा प्रचलित कानून बमोजिम लगानीको श्रोत उपलब्ध गराउन मन्जुर गर्दछु/गर्दछौं ।

नोटः १. साविक शेयरधनीले आफ्नो शेयरधनी नं./हितग्राही नं. अनिवार्य रुपले उल्लेख गर्नु पर्नेछ ।
२. DEMAT भएमा शेयरधनीले अनिवार्य रुपमा DPID/Client Id दुवै उल्लेख गर्नुपर्नेछ ।
३. चेक भुक्तान नभएमा दरखास्त फारम स्वतः रद्द हुनेछ र सो को जिम्मेवार निवेदक आफै हुनेछ ।

यस दरखास्त फाराममा भरेको विवरणहरु पूर्ण रुपमा ठिक साँचो हो, यसमा कुनै फरक भएमा म निवेदक स्वयं जिम्मेवार हुनेछु ।

निवेदकको दस्तखत
(Applicant's Signature)

यो रसिद हराई अर्काले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ ।

मार्फतः NIBL CAPITAL एनआईबिएल क्यापिटल मार्केट्स लि. A Subsidiary of

रसिद
दरखास्तवालाले भर्नुपर्ने

सि.नं.
शेयरधनी नं./परिचय नं.

Applicant's Name					
Company's Name	TOURISM DEVELOPMENT BANK LTD.				
No. Of Shares Applied		Call Money per Share	Rs.100	Amount Deposited	
Amount in Words					

For Official Use Only: | Code No.
Received by:
Date:
Stamp
DP ID
Client ID

निवेदकको दस्तखत
(Applicant's Signature)

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः

NIBL CAPITAL
एनआईबिएल क्यापिटल मार्केट्स लि.
A Subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com
Website: www.niblcapital.com

FInal